## दैलेख जिल्ला अदालतबाट सर्वसाधारणका निमित्त जारी भएको
## लिलाम बढाबढको सूचना

वादी दैलेख जिल्ला साविक बाँसी गा.वि.स. वडा नं.१ हाल महाबु गा.पा.वडा नं.३ बस्ने कमल बहादुर खत्री विपक्षी/प्रतिवादी दैलेख जिल्ला साँविक रानीवन ४ गा.वि.स. हाल महाबु गा.पा.वडा नं.४ बस्ने ईन्द्र प्रसाद जैसी समेत भएको चेक अनादर मुद्दामा दैलेख जिल्ला अदालतको मिति २०८१।३।१८ गते को फैसला बमोजिम दावीको मिति २०७८।६।१८ को चेकमा उल्लेखित रकम रु.३,७०,०००।–(तीन लाख सत्तरी हजार) र सोको चेक जारी भएका मिति देखि भरी भराउ हुँदाका मिति सम्मको कानुन बमोजिम हुने १० प्रतिशत ब्याज समेत वादीले प्रतिवादीहरु ईन्द्र प्रसाद जैसी,ध्वज बहादुर गुरुङ्ग र राधा सुनारबाट दामासाहीका दरले भराई लिन पाउने ठहरी फैसला भएकाले उक्त रकम प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादिबाट भरिपाउने लेनदेनको बिगो तपसिल बमोजिमको सम्पतिबाट भराई पाउँ भनी वादीको निवेदन परी पञ्चकृति मूल्य समेत कायम भई प्रतिवादीको तपशिलको सम्पति मिति २०८२/९/३ गते पहिलो पटक यस अदालतमा डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

१-यस अदालतको तहसिल शाखामा मिति २०८२ साल पुस महिनाको ३ गते कार्यालय समयमा डाँक लिलाम हुने भएकाले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिनेछ।
२-डाकँ लिलाम गर्न तोकिएको दिन सावर्जनिक विदा परे सोको भोलि पल्ट डाँक लिलाम हुनेछ।
३-कायम भएको न्युनतम पञ्चकृति मुल्यबाट डाँक बढाबढ गर्नु पर्नेछ।
४-डाँक लिलाम बढाबढको बखत बोलकबल गरेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन भित्र दाखिला गर्नु पर्ने छ।बाँकी बोलकबोल रकम डाँक लिलाम भएको मितिबाट ७ (सात) दिन भित्र दाखिला गर्नुपर्नेछ। त्यसरी ७ (सात) दिन भित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकासित गरीनेछ।
५-डाँक लिलाम बढाबढ हुँदा सवैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक लिलाम सकार गराईने छ।
६-डाँक लिलाम सम्बन्धमा बुझ्नु पर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।
७-डाँक लिलाम हुने जेथाको विवरण यस प्रकारको छ।

### तपशिल

**प्रतिवादी मिना जैसी र ईन्द्र प्रसाद जैसीका नाँउमा दर्ता स्रेस्ता कायम रहेको जग्गाको बिबरण**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षे.फ.व.मी | लिलाम हुने गरी कायम भएको पन्चकृते मुल्याकंन |
|---|---|---|---|---|---|---|
| १ | दैलेख | रानीवन | ७ | ३७७ | ३६ व.मी. घर समेत | जग्गा मुल्य रु.१,१०,०००।– घरको मुल्य रु.८०,०००।- |
| २ | दैलेख | रानीवन | ६ | ७४६ | ८९० व.मी. | रु.१,४२,४००।- |

तहसिलदार

इति सम्वत २०८२ कार्तिक महिनाको ३० गते, रोज १ शुभम्